# भक्तपुर नगरपालिका
# राजपत्र

भक्तपुर नगरपालिकाद्वारा प्रकाशित

खण्ड २ भक्तपुर, पुस ५ गते, २०७५ साल संख्या ७


### भाग १

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी भक्तपुर नगरपालिकाको तेश्रो नगर सभा २०७५ बाट पारित भएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०७५ सालको ऐन

## भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिद अनुदानसम्बन्धी कार्यविधि- २०७५

**प्रारम्भ**

भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड अनुसारको विश्व सम्पदा क्षेत्र तथा पुरानो नगर क्षेत्रमा परम्परागत शैलीका घर तथा भवन निर्माण गर्न नगरवासीहरुलाई प्रोत्साहन स्वरुप निर्माण गर्ने क्रममा प्रयोग गरिने काठ, इँटा र झिंगटी खरिदको लागि नगरपालिकाले अनुदान दिने सम्बन्धि भ.न.पा. को मिति २०७४ श्रावण १३ को बोर्ड बैठकको निर्णय कार्यान्वयनमा सरलता र सहजताका लागि भक्तपुर नगरपालिकाको तेस्रो नगर सभाले यो कार्यविधि बनाई लागु गरिएको छ ।

### परिच्छेद - १
### प्रारम्भ र परिभाषा

१.१. नाम र प्रारम्भ :

१.१.१. यो कार्यविधिको नाम 'भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिदमा अनुदान सम्बन्धि कार्यविधि - २०७५' हुनेछ ।

१.१.२. यो कार्यविधि भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्ड अनुसारको विश्व सम्पदा क्षेत्र र पुरानो नगर क्षेत्रमा लागू हुनेछ ।

१.१.३. यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

१.१.४. आ.ब. २०७४/०७५ मा नक्सा पास गरी र सो पछि निर्माण सम्पन्न प्रमाण पत्र पाउने निर्माणकर्ताले मात्र यो कार्यविधि अनुसार अनुदान माग गर्न सक्नेछ ।

१.२. परिभाषा :

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा प्रयोग भएको निम्न लिखित शब्दहरुले निम्न अर्थ जनाउनेछ –

१.२.१. 'कार्यविधि' भन्नाले 'भक्तपुर नगरपालिकाको काठ, इँटा र झिंगटी खरिदमा अनुदानसम्बन्धी कार्यविधि– २०७५ लाई' जनाउनेछ ।

१.२.२. 'नगरपालिका' भन्नाले भक्तपुर नगरपालिकालाई जनाउने छ ।

१.२.३. 'निर्माण सम्पन्न प्रमाण पत्र' भन्नाले भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको परिच्छेद ९, बुँदा ९.४ अनुसार दिइने प्रमाण पत्रलाई जनाउने छ ।

१.२.४. 'निर्माण इजाजत प्रमाण पत्र' भन्नाले भक्तपर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डको परिच्छेद ९, बुँदा ९.२ अनुसार दिइने अनुमतिपत्रलाई जनाउने छ ।

१.२.५. 'प्रमुख' भन्नाले भक्तपुर नगरकार्यपालिकाका प्रमुखलाई जनाउने छ ।

१.२.६. 'मोहडा' भन्नाले बाटो वा चोकतर्फ फर्केको झ्याल–ढोकासहितको गारोलाई जनाउने छ ।

१.२.७. 'अनुदान' भन्नाले यस कार्यविधिअनुसार दिइने काठ, इँटा र झिंगटी खरिद अनुदानलाई जनाउने छ ।

१.३. अनुदान अनुमति कार्यबाही

१.३.१ अनुसूची १ बमोजिमको दर्खास्त निवेदन भ.न.पा. नक्सा उपशाखामा पेश गर्ने ।

१.३.२ निवेदन प्राप्त भएपछि नक्सा उपशाखा प्रमुखबाट मातहतका प्राविधिक कर्मचारीलाई आवश्यक कार्यबाहीका लागि तोकिने छ ।

१.३.३. १.३.२ अनुसार तोकिएको वडा प्राविधिकबाट अनुसूची– २ अनुसारको प्रतिवेदन पेश गरिनेछ ।

१.३.४ सम्बन्धित प्राविधिकबाट पेश भएको अनुसूची– २ अनुसारको प्रतिवेदन आधारमा नक्सा उपशाखाको प्राविधिक ई./ज.ई. ले अनुसूची ३ अनुसार मूल्यांकन गरी नक्सा उपशाखा प्रमुखसमक्ष पेश गरिनेछ र नक्सा उपशाखा प्रमुखको सिफारिसमा प्रमुखबाट स्वीकृत गरिनेछ ।

१.३.५. अनुदान प्राप्त गर्ने भवनको अनिवार्य रुपमा निर्माण सम्पन्न प्रमाणपत्र लिइएको हुनुपर्नेछ । निर्माण सम्पन्न प्रमाण पत्र लिई हेरफेर गरेको अवस्थामा अनुदान दिइनेछैन ।

१.३.६. भक्तपुर नगरपालिकाको भौतिक पूर्वाधार तथा निर्माण मापदण्डअनुसारको पुरानो नगर क्षेत्र र विश्व सम्पदा क्षेत्रमा निर्माण हुने घर भवनलाई मात्र अनुदान दिने प्रावधान लागू हुनेछ।

१.३.७. संस्थागत भवन निर्माणको हकमा नगरपालिकाको बैठकले निर्णय गरेअनुसार अनुदान सहयोग दिइनेछ।

१.४. दण्ड सजायको व्यवस्थाः

१.४.१. अनुदान लिई भवन निर्माण हेरफेर गरेको अवस्थामा न.पा. बाट दिइने सेवा सुविधा सम्पूर्ण रोकी अनुदान रकम लगत राखी असुल उपर एवं क्षतिपूर्तिसमेत भराई लिइनेछ।

१.५. अनुदान पाउने निर्माण सामग्रीः

१.५.१. भवन निर्माणको लागि मोहदातर्फ लाग्ने दाचि अप्पा, बुटा अप्पा र झ्याल ढोकाको लागि लाग्ने काठ, बरण्डातर्फ लाग्ने काठ, छाना र पाखाको लागि लाग्ने झिंगटी भक्तपुर नगरपालिकाको न्यूनत्तम दररेट अनुसार कार्य मूल्यांकन गरी सो को ३५ प्रतिशत बराबर अनुदान सहयोग दिइनेछ।

१.६. यो कार्यविधि अनुसार दिइने अनुदान सम्बन्धमा विवाद परेमा नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ।

## अनुसूची १

## काठ, इँटा र झिंगटी अनुदान माग गर्ने निवेदन

श्रीमान् प्रमुखज्यू,
भक्तपुर नगरपालिका ।

म निवेदनक ........................................................................ ले साविक भ.न.पा. वडा नं. ......, हाल भ.न.पा. वडा नं. ............... स्थित कि.नं. ...................... क्षेत्रफल......................... भएको जग्गाभित्र .................. बनाउन पेश गरेको नक्सा मिति ..................... मा पास भएकोमा सो नक्सा पास बमोजिम हाल मैले निर्माण सम्पन्न गरिसकेको र मिति ...................................... मा निर्माण सम्पन्न प्रमाण पत्र समेत प्राप्त गरिसकेको अनुरोध गर्दछु ।

भक्तपुर नगरपालिकाले विश्व सम्पदा र पुरानो नगर क्षेत्रमा नक्सा पास गरी पास नक्सा अनुसार निर्माण सम्पन्न गरेका निर्माणकर्ताहरुलाई घरको मोहदा र छाना निर्माणको लागि प्रयोग भएको काठ, इँटा र झिंगटीमा ३५ प्रतिशत सम्म अनुदान दिइने व्यवस्थाअनुसार मैले बनाएको उक्त घरको लागि अनुदान पाउन यो निवेदन पेश गरेको छु । अनुदान रकम उपलब्ध गराई पाउँ ।

निवेदन साथ निम्न बमोजिम कागजातहरु पेश गरेको छु ।

क) नागरिकता प्रमाण पत्रको प्रतिलिपि
ख) जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि
ग) पास नक्सासँग सम्बन्धित सम्पूर्ण कागजातको प्रतिलिपि
घ) मालपोत बुझाएको रसिदको प्रतिलिपि
ङ) घरजग्गा कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
च) निर्माण सम्पन्न प्रमाण पत्रको प्रतिलिपि
छ) सफाई कर बुझाएको रसिदको प्रतिलिपि

________________
निवेदक

नाम :
ठेगाना :
सम्पर्क नं.

## अनुसूची २

## काठ, इँटा र झिंगटी अनुदान दिने सम्बन्धमा प्राविधिक प्रतिवेदन

श्रीमान् प्रमुखज्यू,
भक्तपुर नगरपालिका ।

नक्सावाला श्री ....................................................................... ले साविक भ.न.पा. वडा नं. ...... हाल भ.न.पा. वडा नं. ................ स्थित कि.नं. ...................... क्षेत्रफल.......................... भएको जग्गाभित्र .................. बनाउन पेश गरेको नक्सा सम्बन्धमा मिति ................. मा स्थलगत निरीक्षण गरी देहायअनुसारको प्रतिवेदन पेश गरेको छु ।

१. नक्सा पास भएको मिति ................................
२. माथिल्लो तल्ला निर्माण स्वीकृति प्रमाण–पत्र लिएको मिति ......................
३. झ्याल ढोकाको विवरण .............

क) झ्यालको विवरण

| भूई तल्ला | साईज | संख्या |
|---|---|---|
| पहिलो तल्ला | | |
| दोस्रो तल्ला | | |
| तेस्रो तल्ला | | |
| भऱ्याङ्ग खण्ड | | |

ख) ढोकाको विवरण

| भूई तल्ला | साईज | संख्या |
|---|---|---|
| पहिलो तल्ला | | |
| दोस्रो तल्ला | | |
| तेस्रो तल्ला | | |
| भऱ्याङ्ग खण्ड | | |

ग) कार्नेशको विवरण :

| विवरण | साईज | संख्या |
|---|---|---|
| भुई तल्ला | | |
| पहिलो तल्ला | | |
| दोस्रो तल्ला | | |
| तेस्रो तल्ला | | |
| भऱ्याङ्ग खण्ड | | |

घ) बरण्डाको विवरण :
ङ) टुँडालको विवरण :
च) झ्यालमा प्रयोग हुने टिकी झ्या (आँखी झ्याल) को विवरणः
छ) भेन्टिलेशनको विवरण :
ज) अन्य :

प्रतिवेदन पेश गर्नेको दस्तखत :
नाम :
पद :
मिति :

## अनुसूची ३

### काठ, इँटा र झिंगटीको मूल्यांकन रकम निकाल्ने तालिकाः

भ.न.पा. वडा ............ का प्राविधिकको प्रतिवेदनको आधारमा जम्मा काठ, इँटा र झिंगटीको परिमाण र मूल्यांकन यसप्रकार छ ।

| विवरण | परिमाण | कैफियत |
|---|---|---|
| झ्यालको चौकोस | | |
| ढोकाको चौकोस | | |
| झ्यालको खापा | | |
| ढोकाको खापा | | |
| दाचि अपा | | |
| बुटा अपा | | |
| बरण्डाको काठ | | |
| टिकी झ्या (आँखी झ्याल) | | |
| भेन्टिलेशन | | |
| जम्मा रकम | | |

मूल्यांकन निकाल्ने तालिकाः

| विवरण | परिमाण | दर रेट | मूल्यांकन | कैफियत |
|---|---|---|---|---|
| झ्यालको चौकोस | | | | |
| ढोकाको चौकोस | | | | |
| झ्यालको खापा | | | | |
| ढोकाको खापा | | | | |
| दाचि अपा | | | | |
| बुटा अपा | | | | |
| बरण्डाको काठ | | | | |

| | | | | |
|---|---|---|---|---|
| टिकी झ्या (आँखी झ्याल) | | | | |
| भेन्टिलेशन | | | | |
| जम्मा रकम | | | | |

ंतयार गर्नेको सही:
नाम :

चेक गर्नेको सही:
नाम :

सिफारिस गर्नेको सही:
नाम :

सदर गर्ने/प्रमुख
नाम :

आज्ञाले
(रोहित राज पोखरेल)
प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०७५।४।७ गते

मुद्रण : भक्तपुर अफसेट प्रिन्टर्स, फोन नं. ६६१३८८८